# काभ्रेपलाञ्चोक जिल्लामा प्रति बिद्यार्थी एकल्यापटप कार्यक्रम लागु भएका बिद्यालयहरूको अनुगमन भ्रमण प्रतिबेदन

असौज २०६८ (सेप्टेम्बर २०११)

## भ्रमणको प्रमुख उद्देश्य

- ई–पाटी एकीकृत शिक्षणको क्रममा शिक्षकहरूलाई परेका कठिनाइ र समाधानका उपायहरूवारे छलफल ।
- ई–पाटी र विद्यालय सर्भर अपडेट गर्नु तथा विद्यालयमा एकीकृत शिक्षणको क्रममा प्रयोग हुने उपकरणहरूमा कुनै प्राविधिक समस्याहरू देखिएमा तिनको समाधान गर्नु ।
- मर्मत गर्न ल्याएका ई–पाटी तथा चार्जरहरू बिद्यालयमा हस्तान्तरण गर्नु ।

## अनुगमन गरिएका विद्यालयहरूको विवरण

श्री नविन प्राथमिक विद्यालय खनालथोक

भ्रमण मितिः असौज ५ २०६८ (सेप्टेम्बर २२ २०११)
भ्रमणमा सहभागीः सुविर प्रधानाङ्ग, वसन्त श्रेष्ठ र टीकाराज कार्की

सम्पन्न गरिएका कामहरू

- बिद्यालयको प्रधानाध्यापक तथा शिक्षकहरूसँग एकीकृत शिक्षणका वारेमा सामुहिक छलफल ।
- ई–पाटी र विद्यालय सर्भर अपडेट गरिएको ।
- ई–पाटी अपडेट गर्न शिक्षकलाई अभ्यास गराइएको अपडेट गर्न अव ३ जनाले सक्छन् ।
- ई–पुस्तकालय खोल्न कठिनाइ भएको पाइएकोमा शिक्षकलाई अभ्यास गर्न लगाइ ष्पष्ट पारिएको ।
- कक्षा ५ को बिज्ञान एकीकृत शिक्षणको कक्षा अवलोकन गरिएको ।
- मर्मत भएका दुईवटा ई–पाटी र नौवटा चार्जर विद्यालयमा हस्तान्तरण गरिएको ।
- एउटा ई–पाटी र एउटा राउटर मर्मतका लागी कार्यालयमा ल्याएको ।

सामुहिक छलफलवाट आएका विषयहरू

- आवश्यकता अनुसार शिषकहरूका विचमा ई–पाटी एकीकृत शिक्षणका क्रममा आएका कठिनाइका वारेमा अनुभव आदानप्रदान गर्ने गरिएकोछ ।
- ई–पाटी सुरक्षाको प्रभावकारी अनुगमनका लागी एक कक्षावाट हरेक दिन ७ जना विद्यार्थीलाई मात्र घर लान दिने गरिएकोछ ।
- ई–पुस्तकालयको प्रयोगका लागि हरेक हप्ताको ३ दिन छैटौ पिरियड छुट्याइएको छ । शिक्षकको निर्देशन अनुसार विद्यार्थीहरूले ई–पुस्तकालय प्रयोग गर्ने गरेकाछन् ।
- प्राविधिक कारणले ईन्टरनेट प्रयोग भएको छैन ।
- सम्भव भए सम्म जिल्ला स्तरका ई–पाटी एकीकृत शिक्षण गरिरहेका सबै शिक्षकहरू नत्र कार्यक्रम लागु भएका विद्यालयका प्रधानाध्यापक र फोकल शिक्षकहरूको भेला गराइ अनुभव आदानप्रदानको अवसर मिलाएमा एकीकृत शिक्षणलाई थप प्रभावकारी वनाउन सकिने थियो ।

श्री विनायक वाल निम्नमाध्यमिक विद्यालय वडालगाउँ

भ्रमण मितिः असौज ५ २०६८ (सेप्टेम्बर २२ २०११)
भ्रमणमा सहभागीः सुविर प्रधानाङ्ग, वसन्त श्रेष्ठ र टीकाराज कार्की

सम्पन्न गरिएका कामहरू
- बिद्यालयको प्रधानाध्यापक तथा शिक्षकहरूसँग एकीकृत शिक्षणका वारेमा सामुहिक छलफल ।
- ई–पाटी र विद्यालय सर्भर अपडेट गरिएको ।
- ई–पाटी अपडेट गर्ने शिक्षकलाई अभ्यास गराइएको, यो काम अव ५ जनाले गर्न सक्छन् ।
- मर्मत भएका तिनवटा ई–पाटी र २७ वटा चार्जर विद्यालयमा हस्तान्तरण गरिएको ।
- आठवटा ई–पाटी र ७० वटा चार्जर मर्मतका लागी कार्यालयमा ल्याएको ।

सामुहिक छलफलवाट जानकारी भएका विषयहरू
- समय समयमा ई–पाटी एकीकृत शिक्षणका क्रममा आएका कठिनाइका वारेमा अनुभव आदानप्रदान गर्ने गरिएकोछ ।
- विद्यार्थीहरूलाई लामो विदाको दिन वाहेक अन्य दिन ई–पाटी घर लान दिने गरिएकोछ ।
- कक्षा खालि भएको समय, टिफिन वा कहिले काहि मात्र ई–पुस्तकालयको प्रयोग गर्न दिने गरिएको छ । यो काम कक्षा ३ देखि ६ सम्मका विद्याथीहरूले गर्ने गरेकाछन् ।
- प्राविधिक कारणले ईन्टरनेट प्रयोग भएको छैन ।
- अत्यधिक मात्रामा चार्जर विग्रिएकाले ई–पाटीको प्रयोग आवश्यकता अनुसार गर्न नसकिएको कुरा शिक्षकहरुवाट जानकारी भयो ।
- २१ जना विद्यार्थीहरू भएको कक्षा ५ मा चार्जिङ् ऱ्याक उपलव्ध भएको छैन ।
- UPS ले काम गरेको छैन ।

श्री जनज्योति माध्यमिक विद्यालय जनागल

भ्रमण मितिः असौज ६ २०६८ (सेप्टेम्बर २३ २०११)
भ्रमणमा सहभागीः सुविर प्रधानाङ्ग र टीकाराज कार्की

सम्पन्न गरिएका कामहरू
- बिद्यालयको प्रधानाध्यापक तथा शिक्षकहरूसँग एकीकृत शिक्षणका वारेमा सामुहिक छलफल ।
- ई–पाटी र विद्यालय सर्भर अपडेट गरिएको ।
- ई–पाटी अपडेट गर्ने शिक्षकलाई अभ्यास गराइएको, यहाँका ४ जनाले अपडेट गर्न सक्छन् ।
- मर्मत भएका तिनवटा ई–पाटी र ९ वटा चार्जर विद्यालयमा हस्तान्तरण गरिएको ।

सामुहिक छलफलवाट जानकारी भएका विषयहरू
- आवश्यकता अनुसार ई–पाटी एकीकृत शिक्षणका क्रममा आएका कठिनाइका वारेमा अनुभव आदानप्रदान गर्ने गरिएकोछ ।

- यो शैक्षिकशत्रमा विद्यार्थीहरूलाई ई–पाटी घर लान दिईएको छैन ।
- टिफिनमा कहिले काहि मात्र ई–पुस्तकालयको प्रयोग गर्न दिने गरिएको थियो ।
- केहि महिना अगाडी देखि ई–पाटीको प्रयोग नगरिएको कुरा शिक्षकहरुवाट जानकारी भयो । तर कुनै पनि कक्षामा चार्जर मात्र कक्षामा रहेको र ई–पाटीहरू कार्यालय सँगैको कोठामा राखिएको पाइयो । विगतमा जे भएपनि दशैंपछाडी देखि हरेक कक्षामा आवश्यकता अनुसार ई–पाटीको प्रयोग गरेर शिक्षण गरिने कुरा प्रधानाध्यापकवाट ब्यक्त भयो ।
- बाहिर घर भएका २ जना बिद्यार्थीहरूले २ वटा ई–पाटीहरू लिएर अन्यत्र डेरा सरेको र हालसम्म विद्यालयमा सम्पर्कमा नआएकाले खोजी कार्य भइरहेको जानकारी भयो ।

सुझावहरू

- हरेक ई–पाठहरूले विद्यार्थीहरूको शिक्षण सिकाइमा प्रभावकारीता बढ्ने हुनाले पाठ्यपुस्तकको सान्दर्भिकता अनुसार सबै ई–पाठहरूको अनिवार्य रूपमा एकीकृत शिक्षण गर्नैपर्छ ।
- ई–पाठ एकीकृत शिक्षणको लागि प्राप्त भएका उपकरणहरूको यथार्थ अवस्थाको अभिलेख अद्यावधिक गरिरहनु पर्छ, यसवाट निश्चित समय सम्ममा कुन सामग्री, कतिवटा र के भएको भन्ने जानकारी सहजै प्राप्त हुनसकोस् ।
- ई–पुस्तकालयले विद्यार्थीहरूको स्वअध्ययन, स्वविस्लेषण र नयाँखोजी गर्ने वानीको विकास गराउने हुनाले समय समयमा सबै विद्यार्थीहरूलाई यसको प्रयोग गर्न लगाउनु जरूरी हुन्छ ।
- विद्यालयका प्रधानाध्यापक वा निजले तोकेको व्यक्तिले तालिम लिएका हरेक शिक्षकले ई–पाटी एकीकृत शिक्षण गरिरहेको अवस्था तथा उपकरणहरूको निरन्तर अनुगमन गरिरहनुपर्छ ।
- एकीकृत शिक्षणमा सहभागी शिक्षकहरूले समय समयमा यसका वारेमा अनुभव आदानप्रदान तथा छलफल गरिरहनुपर्छ ।
- विद्यालयमा प्राप्त भएका ई–पाटी लगायतका उपकरणहरू सम्बन्धित विद्यालयको सम्पत्ती भएको हुनाले यीनको दिर्घकालीन सुरक्षित प्रयोगका वारेमा सजग हुनुपर्छ ।
- विद्यालयमा एकीकृत शिक्षण तथा उपकरणहरूको अवस्थाका वारेमा सम्बन्धित निकायहरूमा फोकल शिक्षक वा प्रधानाध्यापक निरन्तर सम्पर्क गरिरहनुपर्छ ।